# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाचखाल , काभ्रेपलाञ्चोक
## ३ नं. प्रदेश, नेपाल

## विज्ञापन कर संकलन सम्बन्धी दरभाउ पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०४ /१७)

पाँचखाल नगरपालिकाको आर्थिक ऐन २०७६ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र विज्ञापन कर संकलनको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहाने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यस सम्बन्धी दरभाउ पत्र फारम रु १०००.- (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र दिन भित्र कार्यालय समय सम्ममा दरभाउ पत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सोह्रौ दिन दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउ पत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ साथै दर्ता भएका दरभाउपत्रह? सोही दिन १:०० बजे पाँचखाल नगर पालिकाको कार्यालयमा खोलिने छ ।

३. दरभाउ पत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल - ४ स्थित बैंक खाता **नं. १२४०३००००००००३००००१** मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

४. दरभाउ पत्रदाताले बढिमा आ.व.२०७६/०७७ सम्म एक आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

५. स्वीकृत दरभाउपत्रवालाले आफुले कबोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनें पर्नेछ । यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५% ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारि गरेको मिति २०७७ साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ ।

६. दरभाउ पत्रफारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ । साथै दरभाउ पत्र खोल्ने दिन दरभाउ पत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।

७. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउ पत्रदाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ । साथै नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ ।

८.कुनै पनि दरभाउ पत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. विज्ञापन कर असुली सम्बन्धी ठेक्का बन्दोबस्त गरेका कारण तिर्नुपर्ने क'नै पनि कर दस्तु र बुझाउने दायित्व दरभाउपत्रवालामा रहने छ ।

१०.यो सुचना यस कार्यालयको **website www.panchkhalmun.gov.np** मा हेर्न सकिने छ ।

११.यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगर पालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ ।

### कामको विवरण

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | PMIR/01/2076/077 | पाँचखाल नगर क्षेत्र भित्र विज्ञापन कर संकलन गर्ने | रु.१०,००,०००/-(दश लाख) | |